त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

Accredited by University Grants Commission (UGC) Nepal 2020

☎ 5-521260, 5-521611, 5-522104, 5-522809

पुल्चोक, ललितपुर ।
Pulchowk, Lalitpur

च.नं. ९५२।०८३।०८४

मिति: २०८३/०४/१९

श्री सिभिल इ. विभाग,
पुल्चोक क्याम्पस ।

श्री आर्किटेक्चर विभाग,
पुल्चोक क्याम्पस ।

श्री मेकानिकल एण्ड एरोस्पेश इ. विभाग
पुल्चोक क्याम्पस ।

श्री इलेक्ट्रोनिक्स तथा कम्प्युटर इ. विभाग,
पुल्चोक क्याम्पस ।

श्री इलेक्ट्रिकल इ. विभाग,
पुल्चोक क्याम्पस ।

श्री एप्लाइड साइन्सेस एण्ड के. इ. विभाग
पुल्चोक क्याम्पस ।

विषय: स्नातक ( BE/BArch.) तहको **Online** परीक्षा फाराम भर्ने सूचना ।

इ.अ.सं. परीक्षा नियन्त्रण महाशाखाको च.नं. ७३/०८३/०८८४ र च.न.७३/०८३/०८४, मिति २०८३।०८।१८ गतेको पत्रमा उल्लेख भए अनुसार २०८३ भाद्र महिनामा संचालन गरिने BE/BArch. चौथो र पाचौं बर्ष प्रथम खण्डको (पुरानो पाठ्यक्रम) को नियमित तथा पुनः परीक्षा तथा प्रथम, दोस्रो र तेस्रो बर्ष दोस्रो खण्ड (नयाँ पाठ्यक्रम) नियमित परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले र मिति २०८३।०४।१९ गते बिहान १०.०० बजे देखि २०८३।०४।२९ गते ५.०० बजे सम्म https://exam.ioe.tu.edu.np मा फर्म भर्ने र उक्त मिति भित्र Online फर्म बुझाउन नसकेका परीक्षार्थीहरुले मिति २०८३।०५।०३ गते ४:०० बजेसम्म विलम्ब शुल्क बुझाइ यस क्याम्पसको आर्थिक शाखामा Token No. सहितको Payment Confirmation Slip अनिवार्य रुपमा बुझाउन हुन यसै सूचना मार्फत सूचित गराईन्छ ।

**संलग्न: इ.अ.सं. परीक्षा नियन्त्रण महाशाखाको पत्र थान १**

जयन्द्र राज श्रेष्ठ
स.क्याम्पस प्रमुख(शैक्षिक)

बोधार्थ

- श्री नयाँ छात्रावास, पुल्चोक क्याम्पस ।
- श्री महिला छात्रावास, पुल्चोक क्याम्पस ।
- श्री स्व.वि.यू., पुल्चोक क्याम्पस ।

बोधार्थ तथा कार्यार्थ

- श्री आर्थिक प्रशासन शाखा, पुल्चोक क्याम्पस ।
- श्री सूचना तथा प्रविधी केन्द्र, पुल्चोक क्याम्पस । (पुल्चोक क्याम्पसको Web Site: www.pcampus.edu.np मा राखिदिन हुन ।)

इ.अ.सं.
पुल्चोक क्याम्पस
सूचना प्रविधि केन्द्र
दर्ता नं 92
मिति 2083/04/20

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
डीनको कार्यालय
OFFICE OF DEAN

Chakupat, Lalitpur, Nepal
Tel. 977-5260636, 5260716
Fax: 977-1-5260129
ecd@ioe.edu.np, www.exam.ioe.edu.np
चाकुपाट, ललितपुर, नेपाल
फोन: ५२६०६३६, ५२६०७१७
फ्याक्स: ५२६०१२९

# परीक्षा नियन्त्रण महाशाखा
# EXAMINATION CONTROL DIVISION

च.नं.: ७३ ०८३/०८४

प्रकाशित मिति :२०८३।०४।१८

## B.E./B.Arch. परीक्षाको Online परीक्षा फाराम भर्ने सूचना

इ.अ.सं., परीक्षा नियन्त्रण महाशाखाद्वारा मिति २०८३ भाद्र महिनामा संचालन गरिने B.E./B.Arch चौथो र पाचौं वर्ष प्रथम खण्ड(पुरानो पाठ्यक्रम) को नियमित तथा पुनः परीक्षा तथा प्रथम, दोश्रो र तेश्रो बर्ष दोश्रो खण्ड (नयाँ पाठ्यक्रम) को नियमित परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले मिति २०८३।०४।१९ गते बिहान १०:०० बजेदेखि २०८३।०४।२९ गते साझ ५:०० बजेसम्म https://exam.ioe.tu.edu.np मा रहेको **Bachelor Level Login** बाट Online परीक्षा फाराम भर्न यो सूचना प्रकाशित गरिएको छ । साथै सम्वन्धित क्याम्पस/कलेजहरुले यसैलाई सूचना मानी आ-आफ्ना विद्यार्थीहरुलाई Online परीक्षा फाराम भर्न/भराउनका लागि जानकारी गराइन्छ ।

१. विद्यार्थीले आफ्नो Portal मा हालसालै खिचेको चस्मा नलगाएको, दुवै कान देखिने, सादा पृष्ठ छाँया (Background plain) भएको, पासपोर्ट साइजको फोटो साथै आफ्नो Signature Update गरी Online Form मा माग गरिएको सम्पूर्ण विवरणहरु साथै पुनः परीक्षाको लागि अनुतिर्ण भएका सबै विषयहरु अनिवार्य रुपमा भरी परीक्षा फाराम Register गर्नु पर्नेछ ।

२. Online परीक्षा फाराम भर्ने परीक्षार्थीहरुले सम्वन्धित क्याम्पसमा तोकिएको शुल्क तिरी क्याम्पसबाट उपलब्ध गराउने Payment Confirmation Slip मा Online Form Submit गर्दा उपलब्ध हुने Token No. सहित भरी अनिवार्य रुपमा बुझाई Online परीक्षा फाराम Verification गराउनु पर्नेछ ।

३. परीक्षार्थीहरुले आवश्यक परीक्षा शुल्क तिरेको बैंक भौचर तथा Payment Confirmation Slip बुझिलिई परीक्षार्थीले भरेको Online Exam Form Verification गरी सम्वन्धित क्याम्पसहरुले २४ घण्टा भित्र Approve गर्नुपर्नेछ । Approve नगरे सम्म Submit गरेको परीक्षा फारम Accept हुने छैन।

४. तोकिएको समय २०८३।०४।२९ गते ५:०० वजेभित्र Online form बुझाउन नसकेका परीक्षार्थीहरुले मिति २०८३।०५।०३ गते ४:०० बजेसम्म तोकिएको परीक्षा शुल्कको साथसाथै विशेष विलम्ब शुल्क २०७५ ब्याच सम्मका लागि रु.१,०००।०० ( रुपैयाँ एक हजार मात्र), २०७६ देखी २०७९ ब्याचका लागि रु.२,०००।००(रुपैयाँ दुइ हजार मात्र), २०८० र २०८१ ब्याचका लागि रु.२,५००।००(रुपैयाँ दुइ हजार पाँच सय मात्र) र २०८२ ब्याचका लागि रु.३,०००।०० (रुपैयाँ तिन हजार मात्र) तिरी परीक्षा फाराम भर्न सक्नेछन । उपरोक्त मिति पछि Online Form स्वतः बन्द हुनेछ ।

५. उपरोक्त म्याद भित्र पनि परीक्षा फाराम भर्न छुट हुन गएमा इ.अ.सं.को विशेष व्यवस्था भए अनुसार मिति २०८३।०५।०८ गते दिउँसो २:०० वजे सम्म यस परीक्षा नियन्त्रण महाशाखामा स्वंय उपस्थित भई सम्पर्क गर्नु पर्नेछ ।

६. Online Form Register गर्दा कुनै समस्या आएमा सम्बन्धित क्याम्पस/कलेजमा सम्पर्क गर्नुहुन साथै समस्याको बिस्तृत विवरण सहित ***semesterexam@ioe.edu.np*** मा इमेल गरी यथाशिघ्र जानकारी गराउन सूचित गरिन्छ ।

७ परिक्षार्थीले आफ्नो प्रवेश पत्र लिई सोको रुजु गरी त्रुटी भएमा २०८३।०५।११ गते ४:०० बजेसम्म यस महाशाखामा सम्पर्क गरि आवश्यक दस्तुर तिरी सच्चाउन सक्नेछन् । तर त्यस मिति पश्चात कुनै पनि परिवर्तन नहुने व्यहोरा जानकारी गराइन्छ ।

**द्रष्टव्यः स्नातक तह (B.E.) २०७४ भर्ना समूह र आर्किटेक्चर (B.Arch) २०७२ भर्ना समूहको उक्त सेमेष्टरको परीक्षामा अन्तिम पटक सम्मिलित हुन पाउने व्यहोरा सम्वन्धित सबैको लागि जानकारी गराइन्छ ।**

डा. बाबुराम दवाडी
सहायक डीन तथा प्रमुख